मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

३ नं प्रदेश नेपाल

फोन नः ०४८-५४०५३२/०४८-५४०११२
Website: manthalimun.gov.np
Email: manthalinapa071@gmail.com

पत्र संख्याः०७५/०७६

चलानी नः

## सटर भाडामा लगाउने बारेको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५/०६/२९)

यस कार्यालयको वडा नं १ स्थित आकाशे रामनारायण चोक/ट्राफिक चोकको आफ्नो स्वमित्वमा रहेको सटर, भवनहरु समेत शिलबन्दी दरभाउपत्रद्वारा बढाबढ गरी भाडामा दिनुपर्ने भएकोले ईच्छुक संघ संस्था,फर्म,कम्पनी तथा व्यक्तिहरुले निम्न बमोजिमको शर्तहरुमा रही आफैं कार्यालयमा उपस्थित भई शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि १५ (पन्ध्र) दिने यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. सटर कोठाहरु, भवन र भवनले चर्चेको क्षेत्रफल सहितको मासिक न्यूनतम भाडा रकम बहाल कर सहित प्रति महिना रु. ७५०००/- (अक्षेरुपी पचहत्तर हजार) कायम गरिएको छ। अतः बोलपत्रदाताहरुले उक्त न्यूनतम भाडा रकम भन्दा कम भाडा रकम कबोल गर्न पाईने छैन।

२. दरभाउपत्र कबोल गर्ने व्यक्तिले सम्झौता गर्दा कबोल अंकको ३ महिनाको हुन आउने भाडा रकम अग्रिम बुझाउनु पर्नेछ।

३. दरभाउपत्र फाराम यस कार्यालयको राजश्व शाखाबाट रु. १००० (अक्षेरुपी एक हजार) बुझाई प्राप्त गर्न सकिने छ।

४. भाडा रकम बुझाउँदा त्रैमासिक भाडा बापतको सुरु महिनाको ७ गते भित्र (अग्रिम रुपमा) एकमुष्ट रकम नगरपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ। बिजुली बत्ती तथा पानीको महशुल मासिक रुपमा सम्बन्धित निकायमा बुझाउनु पर्नेछ।

५. दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन २०७५/०७/१२ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गर्न सकिने छ। दाखिला हुन आएका दरभाउपत्रहरु सोही दिन दिनको १:०० बजे यस कार्यालयमा उपस्थित दरभाउपत्र दाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थिति नभएता पनि दरभाउपत्र खोल्दा कुनै बाधा पर्ने छैन।

६. दरभाउपत्र पेश गर्दा आफूले कबोल गरेको कबोल अंकको १ महिना बराबरको रकम यस कार्यालयको नाममा रा.बा.बैंक मन्थली शाखामा रहेको १६८०३०३००७१०२ खातामा जम्मा गरेको बैंक भौचर संलग्न गर्नुपर्नेछ।

७. दरभाउपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ।

८. दरभाउपत्र स्वीकृत भई सम्झौता रकम बन्द, हड्ताल जस्ता कुनै पनि कारणले मिनाहा हुनेछैन।

९. सटर कवलहरुको भाडादर सम्झौता भएको मिति देखि २०७७ असार मसान्तसम्म कायम रहने छ।

१०. अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

११. सटर भाडामा लगाउने सम्बन्धि सूचना यस नगरपालिकाको वेबसाईट www.manthalimun.gov.np मा पनि हेर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत